सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक ५९ ♦ २०८१ साल असोज १० गते विहिवार ♦ 26 Sep 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५

## मुख्यमन्त्री सिंहद्वारा सय दिनका उपलब्धि सार्वजनिक

**खबर दर्पण समाचारदाता**

**असोज ९ गते, जनकपुरधाम**

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले कार्यभार सम्हालेको एक सय दिनका उपलब्धि सार्वजनिक गरेका छन् ।

बुधबार जनकपुरधाममा आयोजित कार्यक्रममा मुख्यमन्त्री सिँहले सरकारको सय दिनको अवधिमा मधेश प्रदेशसभाबाट प्रदेश खेलकुद विकास सम्बन्धमा बनेको विधेयक, प्रदेश बालिका संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरू सम्बन्धमा बनेका विधेयक र प्रदेश यातायात तथा सवारी व्यवस्थापन विधेयक गरी चार वटा विधेयक पारित भएको जानकारी दिए।



उनले केही अत्यावश्यक र महत्वपूणर् विधेयकहरू प्रदेशसभाका विभिन्न विषयगत समितिमा छलफलमा रहेका र केही विधेयकको मस्यौदा तयार भई प्रदेशसभामा पठाउने प्रक्रिया अघि बढाइएको जानकारी दिए।

मुख्यमन्त्री सिँहले प्रदेश लोकसेवा आयोगमा रिक्त अध्यक्ष र एक सदस्य नियुक्त गरी आयोगलाई पूणर्ता दिँएको, प्रदेश नीति तथा योजना आयोगमा क्षमता र सक्षमताका आधारमा व्यावसायिक व्यक्तिहरूलाई नियुक्त गरिएको र लामो समयदेखि थाँती रहेको बढुवा नियुक्ति, कर्मचारीको रुचि, योग्यता, दक्षता अनुभव र तालिमलाई प्राथमिकतामा

*बाँकी पृष्ठ २*

## पोखरीमा बालिकाको शव फेला

**खबर दर्पण समाचारदाता**

**असोज ९ गते, जनकपुरधाम**

धनुषाको धनुषाधाममा पोखरीमा डुबेर बेपत्ता भएकी बालिकाको शव फेला परेको छ । धनुषाधाम नगरपालिका ३, स्थित धनुषसागर पोखरीमा मङ्गलबार दिनको १२ बजे नुहाउने क्रममा डुबेर बेपत्ता भएकी १३ वर्षीया चन्द्रिका मण्डलको शव फेला परेको प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय धनुषाधामका प्रहरी निरीक्षक गणेश खनालले पोखरीमा डुबेर बेपत्ता बालिकाको शव राति ११ बजे भेटिएको बताउनुभयो । बेपत्ता भएको झण्डै २३ घण्टापछि मृत्यु अवस्थामा उनको शव पोखरीमा तैरिरहेको अवस्थामा भेटिएको उहाँले जानकारी दिनुभयो ।

उहाँका अनुसार स्थानीय बिकाउ मण्डलको छोरी चन्द्रिका साथीसँग पोखरीमा नुहाउने क्रममा डुबेर बेपत्ता भएकी थिइन्। उहाँले भन्नुभयो, 'घटना थाहा पाए लगतै स्थानीयको सहयोगमा प्रहरी टोली मङ्गलबार अबेर साँझसम्म खोजी गरे पनि बालिका फेला परेकी थिइनन्। बालिकालाई खोज्न माछा मार्ने जाली र मोटर बोटको प्रयोग गरिएको थियो। राति पानीमाथि शव तैरिरहेको अवस्थामा भेटिएको हो ।'

शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुर पठाइएको र घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरी निरीक्षक खनालले बताउनुभयो ।

## मधेश प्रदेशमा कांग्रेस नेतृत्वको सरकार बनाउन दबाब

**खबर दर्पण समाचारदाता**

**असोज ९ गते, जनकपुरधाम**



मधेश प्रदेशमा नेपाली कांग्रेसले आफ्नो नेतृत्वको सरकार बनाउन दबाब बढाउन थालेको छ ।

केन्द्रमा बनेको सत्तागठबन्धन अनुसार मुख्यमन्त्री सतिश सिंहको सरकार सय दिन पुगे लगत्तै कांग्रेस मधेश प्रदेशले आङ्ग+नो नेतृत्वको सरकार बनाउन दबाब बढाउन थालेको हो ।

सोही अनुरुप बीरगन्ज आइपुगेका पार्टी सभापति शेर बहादुर देउवालाई भेटघाट गर्दै

*बाँकी पृष्ठ ४ मा*



# मुख्यमन्त्री सिंहद्वारा सय दिनका ............

राखी.तिनीहरूको उत्प्रेरणा र मनोवल अभिवृद्धि गर्ने किसिमले सरुवा व्यवस्थापन भइरहेको उल्लेख गरे।

उनले मधेश स्वास्थ्यविज्ञान प्रतिष्ठानलाई एमबिबिएस अध्ययनअध्यापन अनुमति दिइएको र चिकित्सासेवा आयोगले प्रतिष्ठानमा एमबिबिएस पठनपाठनका लागि ५० सिट स्वीकृत गरेको भन्दै एमबिबिएस लगायत जन तथा चिकित्सा शिक्षा सञ्चालन गर्न स्रोत सुनिश्चित गरी प्रतिष्ठान अन्तर्गतको प्रादेशिक अस्पताल जनकपुरधाममा तीन सय बेड थप गरिएको बताए । उनले भने, 'यसले प्रादेशिक अस्पतालबाट प्रवाह हुने सेवा विशिष्टीकृत तथा गुणस्तरीय हुनेछ ।'

मुख्यमन्त्री सिंहले शैक्षिक गुणस्तर विकासका लागि सिकाइ प्रणाली रूपान्तरण गर्न धनुषा र सिरहामा शैक्षिक पार्क बनाउने प्रक्रिया अघि बढाइएको बताए । उनले यस्तो पार्क मधेश प्रदेशका आठवटै जिल्लामा क्रमिक रूपमा एक-एक वटा स्थापना गर्ने सरकारको योजना रहेको पनि प्रस्टयाए। कृषिक्षेत्रसँग सम्बद्ध सूचना विस्तृत र सरल ढंगले किसानसम्म पुर्‍याउन, प्रदेश सरकारका कृषिसम्बन्धी नीति र कार्ययोजनामा किसानको पहुँच बढाउन, कृषि प्राविधिक र किसानबीच समन्वयकर्ता कायम गर्न, माटो परीक्षणको उपादेयता र विषादीका प्रभावबारे किसानलाई जानकारी गराउन र महामारीका विषयमा सम्बन्धित निकायसम्म समयमै सूचना पुर्‍याउ कृषिक्षेत्रमा भुइँतहका सम्भावना र समस्या पहिचान गर्न कृषि क्षेत्रमा महिला स्वयंसेविका परिचालन गर्ने योजना अघि बढाइएको बताए। कमला नदीको उकासका जग्गामा कृषि लगायतका कार्यमा अधिकतम उपयोग गरी त्यसमा आश्रित किसानको जीवनस्तर उकास्ने उद्देश्यले एकीकृत कृषि विकास परियोजनाका लागि डिपिआर तयारी भइरहेको जानकारी दिए । पशुबिमा, निर्वाचन क्षेत्र लक्षित कृषि विद्युतीकरण कार्यक्रम, कृषि उत्कृष्टता केन्द्र, हरेक पालिका एक एग्रोभेट कार्यक्रम, प्रारम्भिक मल वितरण कार्यक्रम र मन्डीसँगै १६ ठाउँमा शीतभण्डार, भेटेनरी एम्बुलेन्स, भेटेनरी अस्पताल लगायतका महत्त्वपूर्ण योजना अघि बढेको पनि उनले जानकारी दिए। उनले मुख्यमन्त्री महिला स्वरोजगार कार्यक्रम, वैदेशिक रोजगारबाट फर्केका नागरिकलाई स्वरोजगार कार्यक्रम, स्टार्टअप अनुदान, लघुउद्यम प्रवर्द्धन कार्यक्रम, मधेश वैदेशिक रोजगारी उद्धार केन्द्र स्थापना, आप्रवासन सम्बन्धी डिजिटल प्रोफाइलिङ्ग, मुख्यमन्त्री रोजगार कार्यक्रम, तालिम सहितको स्वरोजगार कार्यक्रमका लागि अवधारणापत्र बनाई कार्यविधि तर्जुमा गरिएको बताए।

मुख्यमन्त्री सिँहले प्रदेश सरकारले अन्तर्राष्ट्रिय रामजानकी क्रिकेट रङ्गशालाका लागि अवधारणात्मक संरचना तयार भई डिपिआर तयार हुने क्रममा रहेको र दुधमती नदीको प्राकृतिक बहाव क्षेत्र पहिचान गरी सीमा निर्धारण तथा उत्खनन् गर्ने कार्य अगाडि बढाएको बताए। उनले प्रदेशभरिका सक्रिय पत्रकारका लागि एक लाखको स्वास्थ्य बिमा र सात लाखको दुर्घटना बिमाको काम अघि बढाइएको बताए।

एसियाली विकास बैंकको ऋण सहायतामा सिँचाइ आधुनिकीकरण प्रवर्द्धन आयोजना अन्तर्गत विभिन्न उपआयोजनाहरूका लागि दुई अर्ब १९ करोड रकमबराबरको बोलपत्र आह्वान भएको जानकारी दिए। उनले बोलपत्र आह्वान गरिएका १५ वटा उपआयोजनाबाट मधेश प्रदेशको पाँच हजार सात सय ९८ हेक्टर भूभागमा थप सिँचाइ सुविधा पुग्ने पनि उल्लेख गरे । मुद्दा अनुसन्धान तहकिकात र दायर गर्ने व्यवस्था गर्न प्रदेश वन ऐन २०७७ मा संशोधन गर्न सो ऐनको संशोधन मस्यौदा तयार भई अन्तिम चरणमा पुगेको मुख्यमन्त्री सिँहले जानकारी दिए ।

प्रदेशका विभिन्न ठाउँमा अतिक्रमित वनक्षेत्रको पहिचान गरी अतिक्रमणमुक्त बनाउने र त्यस ठाउँमा वृक्षरोपण गर्ने बृहत् कार्यको थालनी भइसकेको भन्दै उनले चुरे, भावर तथा तराई क्षेत्रको पारिस्थितिकीय प्रणाली र जैविक विविधता संरक्षण लगायतका कार्यलाई थप व्यवस्थित एवम् प्रभावकारी बनाउन प्रदेशका थप दुई ठाउँहरूमा भू तथा जलाधार कार्यालय स्थापना गरिएको बताए।

उनले प्रदेश रजिष्ट्रार कार्यालयको स्थापना भएको र त्यसबाट प्रदेशमा हस्तान्तरण भएर आएका करिब आठ सय सहकारीहरूको परिचालन, अनुगमन र नियमन हुने जानकारी दिनुभयो ।

स्थानीय तहबाट मधेश प्रदेश सरकार मातहत हस्तान्तरण भई आएका चारवटा अस्पतालहरू सर्लाहीको धनकौल, पर्साको पोखरिया, सप्तरीको भारदह, धनुषाको डुमरिया अहिले सञ्चालन हुने अन्तिम तयारीमा रहेको पनि मुख्यमन्त्री सिँहले बताउनुभयो । विभिन्न स्वास्थ्य संस्थामा पठाउन चार सयभन्दा बढी दरबन्दी सिर्जना भएको भन्दै उहाँले स्वास्थ्य संस्थाका लागि थप विषयगत दरबन्दी सिर्जना तथा स्रोत सुनिश्चितताको कार्य अगाडि बढाइएको जानकारी दिए।

प्रादेशिक स्वास्थ्य नीति निर्माण तथा प्रादेशिक आपूर्ति शृंखला निर्देशिका तयार गर्ने कार्य अन्तिम चरणमा रहेको र स्वास्थ्य क्षेत्रमा सामाजिक सुरक्षाको आयामहरू बढाउन कार्यविधि, निर्देशिका र मापदण्डहरू तयार गर्ने काम अघि बढाइएको उनले जानकारी दिए।

मुख्यमन्त्री सिंहले शिक्षा नीति तथा नमुना विद्यालय विकास तथा सञ्चालन निर्देशिकाको कामसमे अन्तिम चरणमा पुगेको बताए।

लागुऔषध दुर्व्यसनमुक्त युवा अभियानका लागि प्रदेश सरकारले अवधारणापत्र तयार गरी कार्यविधि तर्जुमा गरिरहेको भन्दै यसअवधिमा महोत्तरीको गौशालामा सुधार केन्द्र बनाइएको बताए। मुख्यमन्त्री सिँहले सशर्त अनुदान वितरणमा देखिएका बेथिति नियन्त्रण गर्न सरकारले प्रत्येक महानगर पालिकालाई रु १ करोड ७५ लाख, प्रत्येक उपमहानगर पालिकालाई रु १ करोड २५ लाख, प्रत्येक नगरपालिकालाई रु ९५ लाख र प्रत्येक गाउँपालिकालाई रु ८० लाखका दरले सशर्त अनुदान समयमै प्रदान गर्ने व्यवस्था मिलाएको उल्लेख गरे ।

प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रमअन्तर्गत विश्व बैंकको सहयोगमा धनुषाको हंसपुर नगरपालिका र महोत्तरीको सोनमा गाउँपालिकालाई पक्की सडक सञ्जालसँग जोड्न २५ किलोमिटर प्रादेशिक कालोपत्रे सडकका लागि बोलपत्र आह्वान भएको पनि मुख्यमन्त्री सिँहले बताए।

मुख्यमन्त्री सिँहले सार्वजनिक तथा निजी क्षेत्रबीचको साझेदारीका लागि समेत कार्यविधि बनिसकेको जानकारी दिए।

मुख्यमन्त्री सिंहले भने, 'जेठ २५ मा मुख्यमन्त्रीको शपथ लिनुभएको थियो। त्यही दिनदेखि नीति तथा कार्यक्रम र बजेट ल्याउने तयारीमा जुटें। आर्थिक र समाजिक रूपान्तरणमा ध्यान दिएका छौं । त्यसैलाई प्राथमिकतामा राखेर मेरो नेतृत्वको सरकार अगाडि बढेको छ ।'

मन्त्रिमण्डलका मन्त्री र सचिवलाई सँगसँगै राखेर मुख्यमन्त्री सिंहले आफ्नो सरकारको सय दिनको उपलब्धि सार्वजनिक गरे। मन्त्रालयगत प्रगतिलाई बुँदागत राखेर मुख्यमन्त्री सिंहले सय दिनका उपलब्धि सुनाउँदै सचिवको सरुवा, कर्मचारी अभाव र संघीय कानुन नबन्दा प्रदेश सरकारलाई काम गर्न समस्या परि रहेको उनले बताए ।

## भाग्य चक्र

**मेष** - मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। अपूरा कार्य पूर्ण हुनेछन्।

**वृष**- व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**मिथुन**-आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कर्कट** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**सिंह** - सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**कन्या** - समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**तुला** - लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**वृश्चिक** - सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ। सचेत एवं सावधान रहनु होला।

**धनु** - अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिदैन।

**मकर** -समय अनुकुल छ। व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ।

**कुम्भ**- अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्। उपहारआदी प्राप्त हुनेछ। उपहारआदी प्राप्त हुनेछ ।

**मीन** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, ।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | ५२१९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्चार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिबास

| | |
|---|---|
| बर्दिबास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानी (गौरी डाडाँ) | ५५०००५ |
| ढल्केबर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिबास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिबास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिबास | ५५०००६ |
| खानेपानी बर्दिबास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केबर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# सोनमा गाउँपालिकाको नीति तथा कार्यक्रम उच्च अदालत जनकपुरद्धारा सदर

**खबर दर्पण समाचारदाता**
**असोज ९ गते, बर्दिवास**

महोत्तरी जिल्लाको सोनमा गाउँपालिकामा गत असार २९ गते सम्पन्न गरिएको नीति तथा कार्यक्रम उच्च अदालत जनकपुरद्धरा सदर गरिएको छ तथा पास नभएको बजेट रोक्न गरिएको रिट खारेज गरिएको छ।

गाउँपालिका कार्यालाइ बिपक्षी बनाइ दिइएको निवेदनमा आ.व. २०८१-०८२ को नीति तथा बजेट पेश कार्यक्रम तथा पास भएको बजेट रद्द गर्न माग दाबी गरिएको थियो । उच्च अदालत जनकपुरको माननीय न्यायधिस गिता प्रसाद तिम्सिना र माननीय न्यायधिस राजुराम सिलवालको संयुक्त इजलासबाट असोज ८ गतेको फौसला अनुसार आ.व. २०८१-०८२ को बजेट पास भएको कही पनि नदेखिएकोले नीति तथा बजेट कार्यक्रम सदर गरी स्थानिय सरकार सन्चालन ऐन २०७४ बमोजिम प्रक्रिया अपनाइ यथासिघ्र बजेट निर्मान गर्न गाउँपालिका कार्यालयलाई आदेश गरिएको छ।




उच्च अदालतको फैसला बाट गाउँपालिका कार्यालयमा रोकिएको बजेट निर्माण लगायतको अन्य कामहरु गर्ने बाटो खुल्ला भएको छ। अब चाडै आ. व. २०८१-०८२ को बजेट पास गरि निर्माण प्रकृया अगाडि बढ्ने बिश्वास स्थानियहरुमा रहेको छ।

# वडाध्यक्षको हत्यामा संलग्न भएको आरोपमा दुई जना पक्राउ

**खबर दर्पण समाचारदाता**
**असोज ९ गते, बर्दिवास**

महोत्तरीको रामगोपालपुरका वडाध्यक्षको हत्यामा संलग्न भएको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । बर्दिबासबाट रामगोपालपुरतर्फ मोटरसाइकलमा आउने क्रममा ९ भदौमा र मगोपालपुर नगरपालिका-२ का वडाध्यक्ष मुकेश यादवको रहत्यमय अवस्थामा शव फेला परेको थियो ।

प्रहरीले औरही नगरपालिका ७ भोइल टिमकियाका संजिव झा र दिलिप मण्डललाई पक्राउ गरेको हो । वडाध्यक्ष यादवको रहस्यमय मृत्युमा संलग्न दुई जनालाई पक्राउ गरी कर्तव्य ज्यान मुद्दा दर्ता गरी अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक सन्तु लाल प्रसाद जैसवारले बताए ।

पक्राउ परेका दुवै जनालाई थप अनुसन्धानका लागि कर्तव्य ज्यान मुद्दामा म्याद थप गर्न जिल्ला अदालतमा पेश गरिएको छ । यादवको हत्या वा दुर्घटनामा मृत्यु भन्ने विषयमा जिल्लामा सरोकार वालाबीच मत विभाजित छ । जिल्लाका वडाध्यक्षहरूले यादवको हत्या भएको दाबी गर्दै कारबाहीका लागि माग गर्दै आएका छन् । वडाध्यक्ष यादवको मृत्युबारे सीआइबीले समेत अनुसन्धान गरिरहेको छ ।

# प्रकृतिको प्रकोप न्यूनीकरण गर्न लायन्स क्लब अफ मिथिलाद्वारा वृक्षरोपण




**खबर दर्पण समाचारदाता**
**असोज ९ गते, ढल्केबर**

धनुषाको ढल्केबरस्थित बसही खोला किनारमा वृक्षरोपण गरि एको छ। बुधबार लायन्स क्लब अफ मिथिलाले वृक्षरोपण गरेको हो ।


लायन्स क्लब अफ मिथिलाका अध्यक्ष शिव तिमिल्सिनाले प्रकृतिको प्रकोप न्यूनीकरण गर्नका लागि खोला किनारको खाली जमिनमा विभिन्न प्रजातिको वृक्षरोपण गरिएको बताउनुभयो ।

हरियाली वृद्धि गर्न सरकारका सञ्चालकहरुलाई मात्रै दोष देखाउन नहुने बताउँदै उहाँले प्रत्येक नागरिक र संघसंस्थाले आ-आफनो तर्फबाट दायित्व निर्वाह गर्नुपर्ने जानकारी दिनुभयो। त्यही दायित्व अन्तर्गत लायन्क क्लबको तर्फबाट वृक्षरोपण गरिएको अध्यक्ष तिमिल्सिनाको भनाइ छ ।

वृक्षरोपण कार्यक्रममा मिथिला उद्योग वाणिज्य संघ, खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, मिथिला ब्याडमिन्टन क्लब र मिथिला युवा सञ्चाल लगायत स्थानीय तहका जनप्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी
एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।
दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :
१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :
१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौं ।
२. झ्याल ढोका खुल्ला राखौं र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौं । विद्युतजन्य उपकरणको प्रयोग नगरौं ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौं र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौं ।
"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"
उपभोक्ता जनहितका लागि जारी
नेपाल आयल निगम लि.
टेकु, काठमाडौं नेपाल
फोन नं. : ०१ ५३६४७७५, ५३६४९७४

सस्तो सुलभ र गुणस्तरीय छपाइको लागि अवश्यक सम्झनु होस् ।
शिरीष अफसेट प्रेस
बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी
पत्रिका
क्यालेण्डर
रजिष्टर, डाइरी
किताब
परीक्षा कपी
पर्चा पम्पलेट
बिल, भाउचर,



स्क्रिन प्रिन्ट
विवाह कार्ड
प्रमाण पत्र
भिजिटिङ्ग कार्ड
झोला प्रिन्ट
रबर स्टाम्प




फ्लेक्स प्रिन्ट
ब्यानर प्रिन्ट
होर्डिङ्ग बोर्ड
स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।
सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

## मधेश प्रदेशमा कांग्रेस नेतृत्वको .....

सरकार नेतृत्व लिनका लागि पहल गर्न ध्यानाकर्षण पत्र बुझाइएको छ ।

बीरगन्जस्थित होटल दियालोमा दोस्रो दिन राजनीतिक भेटघाट गरिरहेका कांग्रेस सभापति देउवासंग प्रदेश कार्यसमितिले भेटवार्ता गर्दै सरकारको नेतृत्व लिन आग्रह गरेको बताइएको छ ।

प्रदेशमा पार्टीको नेतृत्वमा सर कार गठनका लागि पहल गर्न सभापति देउवालाई आज ध्यानाकर्षण पत्र समेत बुझाएको कांग्रेस मधेश प्रदेश प्रचारप्रसार विभागले जनाएको छ । मधेश कांग्रेसका सभापति कृष्णा यादवले ध्यानाकर्षण पत्र बुझाउँदै यस्तो माग गरेका हुन् ।

ध्यानाकर्षण पत्रमा लेखिएको छ, 'नेपाली काँग्रेसको सांगठनिक वा सरकार निर्माण संख्यात्मक भुमिकामा मधेश प्रदेशको योगदान महत्वपूर्ण रहेको यहाँलाई अवगतै छ, मुलुक संघीयतामा प्रवेश पश्चात यस्को महत्व अझै वृद्धि हुँदै गएको छ । मुलुक संघीयतामा प्रवेश पश्चात संवैधानिक निर्वाचन प्रणालीका कारण गठबन्धनबाट मात्र सरकार निर्माण हुने अवस्था छ, संघीय सरकार र विभिन्न प्रदेशहरुको सरकारको नेतृत्व गर्ने अवसर सभापती ज्यूकै सबल नेतृत्वका कारण काँग्रेसले प्राप्त गरिरहेको अवगत नै छ ।'

उनका अनुसार तर मधेश प्रदेशमा कांग्रेसको नेतृत्वमा प्रदेश सरकार निर्माण गर्ने विषय अहिलेसम्म प्राथमिकतामा पर ेको छैन । जसका कारण कांग्रेसका मतदाताहरुमा निरासा बढदै गएको र कार्यकर्ताहरूको आत्म विश्वास कमजोर हुदै गएको प्रदेश कार्यसमितिको पनि ठहर छ ।

ध्यानाकर्षण पत्रमा भनिएको छ, 'यही ठहरलाई मध्यनजर गर्दै प्रदेश कार्यसमितिको असोज ७ गते बसेको बैठक बस्यो, जसमा सभापतिज्यू समक्ष मधेश प्रदेशमा नेपाली कांग्रेस नेतृत्वमा सरकार निर्माणमा प्राथमिकताका साथ पहल र अवसरका लागि ध्यानाकर्षण गराउने भन्ने निर्णय भयो । जसअनुरूप यसतर्फ सिङ्गो पार्टी र सभापतिज्यूको गम्भीर ध्यानाकर्षणको लागि हार्दिक अनुरोध गरिन्छ ।'

# मधेशमा खानेपानी तथा स्वच्छताको अवस्था दयनीय छ : मन्त्री यादव

**खबर दर्पण समाचारदाता**

**असोज ९ गते, बर्दिवास**

मधेश सरकारका ऊर्जा सिँचाइ तथा खानेपानी मन्त्री शेषनारायण यादवले प्रदेशमा खानेपानी तथा स्वच्छताको अवस्था दयनीय भएको बताएका छन् । युनिसेफ नेपाल र एसएनभी नेपालको आर्थिक एवं प्राविधिक सहयोगमा ऊर्जा सिँचाई तथा खानेपानी मन्त्रालयले आज बर्दिबासमा आयोजना गरेको कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन् ।




मुलुकमै सर्वाधिक जनसङख्या रहेको यस प्रदेशमा खानेपानी तथा स्वच्छताको अवस्था अत्यन्तै दयनीय भएको बताए । मन्त्री यादवले राष्ट्रिय जनगणना २०७८ को तथ्यांक उद्धृत गर्दै मधेशमा खानेपानीदेखि शौचालयसम्मको अवस्था निकै नाजुक देखिएको जनाए । प्रदेशको यो समस्याले दिगो बिकासको लक्ष्य प्राप्त गर्न बाधकको रुपमा सावित हुने उनको भनाइ थियो ।

प्रदेशमा अहिले पनि ७२९ घर परिवार नदीनाला, करिब २२ हजार परिवार कुवाइनार र ८४ हजार परिवार छिमेक र सार्वजनिक धारामा पानीका लागि पालो पर्खन बाध्य छन् । यसमध्ये सप्तरीको डाक्नेश्वरी, सिरहाको लहान, गणेशमान चारनाथ नगरपालिका र प्रदेशको राजधानी जनकपुर उपमहानगरपालिका समेत गरी ४४३ घरधुरी कुवा, इनार र नदीनालाको असुरक्षित पानी खान बाध्य रहेका जनगणनाको तथ्यांक छ ।

यस्तै देश खुला दिसामुक्त घोषणा भएको आधा दशक बित्ती सक्दा समेत मधेश प्रदेशका १ लाख ३९ हजार २१० घरपरिवार अहिले पनि शौचालय विहीन अवस्थामा छन् ।

मधेश प्रदेशको राजधानीसमेत रहेको धनुषा जिल्लामै २२ हजार परिवार खुलामा शौच गर्न बाध्य रहेको मन्त्री यादवले बताउनुभयो ।

मन्त्री यादवले भने, 'तथ्यांकले देखाएको मधेश प्रदेशको यो दारुण परिवेश जति सोचनीय छ यसमा सुधार र परिवर्तनको आवश्यकता पनि उत्तिकै महत्त्वपूर्ण छ । यो चुनौतीको सामना गर्न गोष्ठीमा सहभागी स्थानीय तहका तपाई प्रमुखहरूले प्रभावकारी 'वास प्लान' बनाएर योजनाबद्ध ढङ्गमा अघि बढ्न आग्रह गर्दछु ।'

खानेपानी, सरसफाइ र शौचालयप्रति जनतालाई जिम्मेवार बनाउन आवश्यक परेको खण्डमा 'वास कार्ड' लागु गर्न पनि मन्त्री यादवले सुझाए ।







खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,